बारपाक सुलिकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल ।
Website: www.sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति : २०७७/०३/११

## प्रेस विज्ञप्ती

कोरोना भाइरस (Covid-19) रोकथाम तथा नियन्त्रण गर्ने सम्वन्धमा नेपाल सरकारले २०७६ साल चैत्र ११ गते देखि राष्ट्रिय रुपमा देशभर वन्दावन्दी गर्दै आएको व्यहोरा यहाँहरु सबैलाई अवगत नै छ । २०७७ असार १ गते देखि वन्दावन्दी केही खुकुलो भए तापनि हिँडडुल आवतजावत गर्ने सन्दर्भमा स्वास्थ्य सावधानी (माक्स, स्यानीटाइजरको अनिवार्य प्रयोग) अपनाएर सामाजिक दुरी कायम गरेर मात्र आफ्नो घर वरीपरी हिँडडुल र कामकाज गर्न पाइने व्यहोरा समेत यहाँहरुलाई अवगत नै छ ।

यसै सन्दर्भमा हाल कोरोना भाइरस (Covid-19) को प्रकोप छिमेकी जिल्ला तथा छिमेकी पालिकाहरुमा समुदायस्तरमा नै देखा पर्दै गएको तथा कोरोना संक्रमण दिनै पिच्छे उच्चदरमा बढ्दै गएको सन्दर्भमा यस गाउँपालिकामा कोरोना प्रकोप नियन्त्रण गर्ने शिलशिलामा यस गा.पा. भित्र वाहिरवाट आउने मानिस तथा यस गा.पा. वाट अन्य पालिकामा जाने व्यक्तिहरुको निगरानी राखी सोको जानकारी गराउनुहुन सम्पूर्ण वारपाक सुलिकोटवासीमा अनुरोध गर्दै नआत्तिन, आफ्नो दैनिक कार्य सावधानी अपनाएर गर्न एवं धैर्य रहन यस बारपाक सुलिकोट गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

..............................
(विष्णु प्रसाद भट्ट)
अध्यक्ष

विष्णु प्रसाद भट्ट
अध्यक्ष